नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय काठमाडौं

फोन नं. ०१५९७१८८०

बबरमहल, काठमाडौं
नेपाल।


प.सं. २०८३/०८४

मिति: २०८३/०६/१६
नेपाल संवत: ११४६

## सूचना ! सूचना ! सूचना !

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ नर्सरीचोक स्थित नक्सा सिट नं. १०२-१०२३-०६ कित्ता नं. ३६ र नक्सा सिट नं. १०२-१०२३-११ कित्ता नं. १६, क्षेत्रफल क्रमशः ३१९.८० र ५२.८० वर्गमिटरको श्रेस्तामा असन अन्नपूर्ण माइस्थान गुठी उल्लेख भएको जग्गा अतिक्रमण गरी व्यक्तिगत संरचनाहरु निर्माण गरेको प्राप्त उजुरी बमोजिम यस कार्यालयको संयोजनमा नापी कार्यालय डिल्लीबजार र सम्बन्धित स्थानीय तहका प्रतिनिधि सहितको अनुगमन तथा निरीक्षणका क्रममा उक्त कित्ताका जग्गाहरुमा देवेन्द्र सुब्बा, धिरेन्द्र प्रधान र चिरञ्जिवी देवकोटा समेतका व्यक्तिहरुले पर्खाल लगाई भोगचलन गरेको देखिएको छ। यस अघि सो जग्गा खाली गराउन गुठी संस्थानलाई पत्राचार गर्दा समेत हालसम्म खाली नगरेकोले भोगचलन गर्ने व्यक्तिहरुका नाममा यो १५ दिने सूचना जारी गरिएको छ। यो सूचनालाई अटेर गरी तोकिएको समयावधीभित्र अतिक्रमित जग्गा खाली नगरेमा प्रचलित कानून बमोजिम खाली गराई सार्वजनिक प्रयोगमा ल्याइने बेहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

२०८२/०६/१६

..................................
(तारानाथ फुल्लेल)
प्रशासकीय अधिकृत